# वडादशैं २०७७ को प्रयोजनको लागि नयाँ नोट सटही नगरिने सम्बन्धी सूचना

यस बैंकले विगत वर्षहरूदेखि वडादशैं लगायतका राष्ट्रिय चाड पर्वहरूमा सर्वसाधारणको लागि साना दरका नयाँ नोटहरूको सटही व्यवस्थापन गर्दै आएको व्यहोरा अवगत नै छ। यस वर्षको वडादशैंको संघारमा आइपुग्दा विश्वव्यापी महामारी कोभिड-१९ को संक्रमण नेपालमा समेत तीव्र गतिमा बढ्दै गएको र नेपाल सरकारले सोको रोकथाप तथा नियन्त्रणका लागि तोकेका स्वास्थ्यसम्बन्धी मापदण्डहरूमा बैंकहरूमा बढी भिडभाड हुन दिन नहुने विषय समेत उल्लेख भएको व्यहोरा अनुरोध छ।

हाल यस बैंक र अन्य बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूमा समेत संक्रमण निकै फैलिएको र नगद सटहीका क्रममा हुने भिडभाडबाट संक्रमण फैलन सक्ने सम्भावना उच्च भएको परिप्रेक्ष्यमा आम नेपाली नागरिकको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राख्दै यस बैंकका कुनै पनि कार्यालयहरूबाट यस वर्षको वडादशैंको प्रयोजनका लागि नयाँ नोट सटही सुविधा प्रदान नगरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यसबाट सर्वसाधारणमा पर्न गएको असुविधाप्रति बैंक क्षमाप्रार्थी छ।

**नेपाल राष्ट्र बैंक**
**मुद्रा व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाडौं**